लुम्बिनी प्रदेश सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

प.सं :- २०७९/८०

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९।१२।०८**

**विषय: खुला व्यायामशाला निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रममा शहरी तथा शहर उन्मुख ग्रामिण क्षेत्रमा खुला व्यायामशालाहरुको निर्माण गरी जनस्वास्थ्यमा सुधार गर्न **खुला व्यायामशाला निर्माणका लागि अनुदान** उपलब्ध गराउने कार्यक्रम रहेकाले यस प्रदेश भित्रका इच्छुक जनस्वास्थ्य सुधार तथा शारीरिक ब्यायामसँग सम्बन्धित संघ संस्थाले तपसिल बमोजिमका विवरण तथा कागजात सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत अनुरोध छ।

**तपसिल**

१. खुला ब्यायामशाला वा योगाभ्यास वा यस्तै जनस्वास्थ्य सुधारको उद्देश्यले मुनाफारहित सामाजिक संस्थाको रुपमा आधिकारिक रुपमा दर्ता भएको संस्थाको कागजात।

२. खुला ब्यायामशाला निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात।

३. खुला ब्यायामशाला निर्माणका लागि सम्बन्धित संस्थाको आधिकारिक कार्यसमितिको निर्णयसहित कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समय सीमा सहितको स्पष्ट कार्ययोजना।

४. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी निर्माण कार्य प्रारम्भ भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण।

५. चालु आब २०७९।०८० मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रारम्भिक प्रमाणित लागत अनुमान।

६. खुला ब्यायामशाला निर्माणका लागि यस निर्देशनालयबाट उपलब्ध गराइने बढीमा दश लाख रकमको कम्तीमा २० प्रतिशत साझेदारी गर्ने सम्बन्धित पालिका वा संस्थाको सुनिश्चितता सहितको सिफारिस पत्र।

७. स्थानीय तहले चालु आ.व. २०७९।८० मा उक्त संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजन भएको बजेटको विवरण।

८. निर्माण गरिने संरचनाको नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी।

९. हाल व्यायामशाला सञ्चालन भइ प्रशिक्षकको व्यवस्था भएको भए नियुक्ति पत्र सहित सोको विवरण।

१०. व्यायामशालाबाट लाभान्वित हुन सक्ने सम्भावित जम्मा जनसंख्याको विवरण।

११. हाल सञ्चालनमा रहेको व्यायामशाला भए गत विगत वर्षहरुमा त्यो संस्थाले गरेका गतिविधि झल्किने विवरण

१२. सम्बन्धित संस्थाको लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र

१३. सम्बन्धित पालिकाको सिफारिस

यम बहादुर के.सी.

नि. निर्देशक